# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डुम्रे, नुवाकोट

बागमती प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७८/११/०९)

नेपाल सरकार, भूमि सम्वन्धी समाधान आयोग, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यविस्थत बसोबासीको स्थानीय तहबाट लगत सङ्कलन सम्वन्धी कार्यविधि, २०७८ र लिखु गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि, २०७७ बमोजीम तपिशल बमोजीमका कर्मचारी करारमा नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र (अन्तिम दिन विदा परेमा कार्यालय खुलेको दिन) राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | तह/ सेवा / समुह | माग संख्या |
|---|---|---|---|
| ०२-२०७८/०७९ | सर्भेक्षक | पाँचौ/ इन्जिनियरिङ/सर्भे | १ |
| ०३-२०७८/०७९ | अमिन | चौथो/ इन्जिनियरिङ/सर्भे | २ |

आवश्यक योग्यताः

१. छनौट तरिकाः प्रारम्भिक योग्यताक्रममा छनौट भएका उम्मेदवारहरुको लिखित परीक्षा ।

२. शैक्षिक योग्यताः क) सर्भेक्षकको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तिर्ण गरी Survey वा Geomatics विषयमा ३ वर्षे प्रविणता प्रमाण-पत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान फिजीकल समूह वा भूगोल विषाय लिई प्रमाण-पत्र तह उत्तीर्ण गरी कम्तिमा १ वर्ष जुनियर तालिम प्राप्त गरेकव हुनु पर्नेछ ।

ख)अमिनको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तिर्ण गरी Survey वा Geomatics विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

३. उमेरः दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको । महिलाको तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको ।

४. दरखास्त दस्तुरः सर्भेक्षक पदको लागी रु. ६००। (छ सय मात्र) । तथा अमिन पदके लागी रु. ४००। (चार सय मात्र) ।

५. दरखास्त बुझाउने स्थानः लिखु गाउँपालिकाको कार्यालय, राजश्व इकाई वा लिखु गाउँपालिकाको नाममा कृषि विकास बैंक लिमिटेड छहरे शाखामा रहेको खाता नं. ०२२४८०१९४५१०८०१९ मा बुझाउन सकिने छ ।

६. दरखास्त फाराम पाउने स्थानः लिखु गाउँपालिकाको कार्यालय वा www.likhumunnuwakot.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

७. तलब सुविधाः नेपाल सरकारले तोकेबमोजिम ।

८. करार अवधि २०७९ असार मसान्तसम्म (नियमानुसार करार थप हुन सक्ने) ।

९. फिल्डमा समेत खटिई काम गर्न सक्ने ।

१०. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

११. दरखास्तमा संलग्न गर्नु पर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

१२. लिखित परीक्षाको पाठ्यक्रमः सम्वन्धित पदको लागि लोक सेवा आयोगले निर्धारण गरे अनुसार ।

१३. थप जानकारीको लागि लिखु गाउँपालिका, सूचना अधिकारी श्री उपेन्द्र प्याकुरेल (९८५१११०४६३)

रामचन्द्र लामिछाने

नि.प्रमुख प्रशासकीय अधिकृत